कार्यपालिका बैठक
मिति २०८३/०४/१९
संख्या: १-२०८३/०८४

आज मिति २०८३ साल श्रावण १९ गते मंगलबारका दिन बिहान ८:०० बजे हरिहरपुरगढी गाउँपालिका, गाउँ कार्यपालिकाको पहिलो बैठक गाउँपालिका अध्यक्ष श्री बज्रध्वज वाईवाज्यूको अध्यक्षतामा वसी तपसिलमा उल्लेखित प्रस्तावहरु माथी छलफल गरि निर्णय गरियो ।

उपस्थिति

| | |
|---|---|
| श्री वज्रध्वज वाईवा | अध्यक्ष |
| श्री चेख वहादुर थिङ | उपाध्यक्ष |
| श्री जित वहादुर थिङ | वडा अध्यक्ष |
| श्री विश्व राई | वडा अध्यक्ष |
| श्री कुल वहादुर भोलन | वडा अध्यक्ष |
| श्री कमल कुमार राई | वडा अध्यक्ष |
| श्री साईला लामा | वडा अध्यक्ष |
| श्री यक वहादुर मुक्तान | वडा अध्यक्ष |
| श्री विच वहादुर मुक्तान | वडा अध्यक्ष |
| श्री धन वहादुर मुक्तान | वडा अध्यक्ष |
| श्री सन्तली राई दनुवार | कार्यपालिका सदस्य |
| श्री मोहनकाजी विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री छलिमाया मुक्तान | कार्यपालिका सदस्य |
| श्री दुर्गामाया विक | कार्यपालिका सदस्य |
| श्री सोमीमाया रानामगर | कार्यपालिका सदस्य |
| श्री दिल कुमारी कामी | कार्यपालिका सदस्य |
| श्री कृष्णहरि न्यौपाने (प्रमुख प्रशासकीय अधिकृत) | सदस्य सचिव |

सहयोगी

| | |
|---|---|
| श्री किरण राई | अधिकृत छैठौं |

CamScanner

कार्यपालिका बैठक
मिति २०८३/०४/१९
संख्या: १-२०८३/०८४

**प्रस्तावहरु:**

१. करार सेवामा कर्मचारी पदपुर्ति गर्ने सम्बन्धमा।
२. कर्मचारीको थप सेवा सुविधा सम्बन्धमा।
३. गाउँ प्रहरीको रासन भत्ता सम्बन्धमा।
४. शव बोक्ने चालकको अतिरिक्त भत्ता सम्बन्धमा।
५. विविध।

**निर्णयहरु:**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा, प्रस्ताव नं. १ माथि छलफल गर्दा, यस गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण अध्ययन प्रतिवेदन बमोजिमको रिक्त रहेका तपसिल बमोजिमको पदहरुको करार सेवा मार्फत विज्ञापन गरी पदपुर्ती गर्ने निर्णय गरियो।

तपसिल

१. कविराज – सहायक पाँचौ (आयुर्वेद तर्फ) संख्या-१
२. वित्तिय साक्षर सहजकर्ता- सहायक पाँच ( सामी कार्यक्रम अन्तर्गत)- संख्या १

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा, यस गाउँपालिका अन्तर्गत कार्यरत हलुका सवारी चालक शंकर पहरी र अनुष घिसिङलाई अध्यक्षज्यू र उपाध्यक्षज्यूको कार्यालयको कामले गाउँपालिका बाहिर जानु परेमा यस भन्दा अगाडी खाईपाई आएको दैनिक भ्रमण भत्ताको सट्टामा मासिक रु. १५,०००।– (पन्ध्र हजार) एकमुष्ट भुक्तानी दिने, ब्याकहो लोडर चालकलाई रु. १००।- प्रतिघण्टा र टिपर चालकलाई प्रतिदिन रु. ५००।- थप सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दाह, यस हरिहरपुरगढी गाउँपालिकामा कार्यरत तपसिल बमोजिमको गाउँ प्रहरी पदमा कार्यरत कर्मचारीहरुको रासन भत्ता तपसिल अनुसार कायम गर्ने निर्णय गरियो।

क) गाउँ प्रहरी निरीक्षक रासन बापत प्रति महिना रु. ५०००।– (पाँच हजार)
ख) गाउँ प्रहरी हवल्दार रासन बापत प्रति महिना रु. ५०००।– (पाँच हजार)
ग) गाउँ प्रहरी जवान रासन वात प्रति महिना रु. ५०००।- (पाँच हजार)

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा, यस हरिहरपुरगढी गाउँपालिकाको मातहतमा रहेको ट्र्याक्टरलाई गाउँपालिका क्षेत्र भित्रका भवितव्य घटना भई पोष्टमार्टमको लागि लास लाने/ल्याउने कार्यको लागि प्रयोग गर्ने र उक्त ट्र्याक्टर चालकलाई लास ओसार पसार गरे बापत प्रति लास रु. ६,०००।– (छ हजार मात्र) अतिरिक्त भत्ता उपलब्ध गराउने निर्णय गरियो।